आज मिति २०७९/०५/०८ गते बुधबारका दिन गोरखा जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री शंकरहरि आचार्यको अध्यक्षतामा पालुङटार नगरपालिकाका नगर प्रमुख श्री विवस चिन्तन ज्युको विशेष उपस्थितिमा जिल्ला सुरक्षा समिति , नेपाल रेडक्रस सोसाइटीका सभापति लगायतको उपस्थातिमा जिल्ला आपतकालीन कार्य संचालन केन्द्र (DEOC) र स्थानीय आपतकालीन कार्य संचालन केन्द्र (LEOC) चलायमान बनाउने सम्बन्धमा देहायको उपस्थितिमा समन्व बैठक बसी तपशिल बमोजिमका छलफल तथा निर्णयहरु गरियो ।

विशेष उपस्थिति :-

विवस चिन्तन ,नगर प्रमुख ,पालुङटार नगरपालिका

बन्दना पाण्डे , नगर उपप्रमुख , पालुङटार नगरपालिका

अध्यक्ष :- शंकरहरि आचार्य , प्रमुख जिल्ला अधिकारी ,जिल्ला प्रसाशन कार्यालय, गोरखा

हेमराज विस्ट ,प्रमुख सेनानी ,रिपुमर्दन गण

केदार खनाल , प्रहरी उपरिक्षक , जि.प्र.का गोरखा

सुदिप अधिकारी , उप अनुसन्धान निर्देशक .रा.अ.जि .का. गोरखा

सुजित विस्ट ,सशस्त्र प्रहरी नायव उपरिक्षक, स.प्र.वल नेपाल २९ नं गुल्म गोरखा

यदु विलास भट्टराई ,सभापति ,ने.रे.सो, गोरखा

गौतम भण्डारी , प्र.प्र.अ, पालुङटार नगरपालिका

नानी वाबु दानी , ज.स्वा.नि, स्वा .का , गोरखा

सन्दिप मरहट्टा , इन्जीनियर , पालुङटार नगरपालिका

रामप्रसाद पोखरेल .विपद फोकल पर्सन , पालुङटार नगरपालिका

## छलफल तथा निर्णयहरु

**निर्णय नं १ :-**

पालुङटार नगरपालिकाले संचालनमा ल्याउन लागेको स्थानीय आपतकालीन कार्य संचालन केन्द्र (LEOC) र जिल्ला आपतकालीन कार्य संचालन केन्द्र (DEOC) बीच सिधा संचार सम्पर्क स्थापित गर्ने | विपद्का घटना घट्नासाथ LEOC ले DEOC मा जानकारी गराउने |

**निर्णय नं. २ :-**

विपद् पश्चात संकलन भएको क्षतिको विवरण स्थानीय विपद् व्यवस्थापन समितिबाट निर्णय गराई जिल्ला विपद् व्यवस्थापन समितिमा पठाउने |

**निर्णय नं ३**

विपद्को घटना घट्ने सक्ने सम्भावना देखिएमा स्थानीय सुरक्षा निकायलाई खवर गरी खोज तथा उद्धारमा सहजीकरण गर्न पालिकाले संचालनमा ल्याउन लागेको LEOC ले भूमिका निर्वाह गर्ने |

**निर्णय नं ४**

स्थानीय आपतकालीन कार्य संचालन केन्द्र (LEOC) ले खोज,उद्धार ,राहतका साथ साथै विपद जोखिम न्यूनीकरणका लागि जनचेतनाका कार्यक्रम संचालन गर्ने |

**निर्णय नं ५**

स्थानीय विपद व्यवस्थापन समिति र जिल्ला विपद व्यवस्थापन समितिका बिचमा LEOC ले सम्पर्क बिन्दुको रुपमा कार्य गर्ने |